"कृषि, पर्यटन र व्यापार, समृद्ध नमोबुद्धको आधार"

# नमोबुद्ध नगरपालिका

नमोबुद्ध नगरपालिका

ན་མོ་བུདྡྷ་ ན་གར་པ་ལི་ཀ

## नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या: २०८२/०८३

चलानी नं.:

मिति: २०८२/०९/०८

ने.सं.: ११४६ पोहेलाथ्व

बिषयः-बैदेशिक रोजगारबाट फर्किएका श्रमिकहरूसूचिकृत हुने सम्वन्धी सूचना !!

वैदेशिक रोजगारीमा गई काम गरी नेपाल फर्किनु भएका तथा हाल नमोबुद्ध नगरपालिका क्षेत्रभित्र स्थायी /अस्थायी रूपमा बसोबास गरिरहनु भएका सम्पूर्ण श्रमिकहरूका लागि नगरपालिकाबाट विभिन्न सीप विकास, उद्यमशीलता प्रवर्द्धन, रोजगारी सहजीकरण, सामाजिक सुरक्षा, पुनःएकीकरण तथा सेवा-सुविधा सम्वन्धी कार्यक्रमहरू सञ्चालन गरिने भएकोले सोको तथ्यांक संकलन गर्न आवश्यक देखिएको छ। तसर्थ, वैदेशिक रोजगारबाट फर्किनु भएका इच्छुक श्रमिकहरूले **यस सूचनाको मितिले १५ दिनभित्र** देहाय बमोजिमका कागजात सहित **नमोबुद्ध नगरपालिका कार्यालय/रोजगार सेवा केन्द्र** मा उपस्थित भई नाम दर्ता गराउनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

आवश्यक कागजातहरू:

१ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

२ वैदेशिक रोजगारमा गएको प्रमाण (भिसा, श्रम स्वीकृति, पासपोर्ट, करार पत्र)

३ नेपाल फर्किएको प्रमाण (आगमन छाप/टिकट)

४ हालको सम्पर्क ठेगाना र मोवाइल नम्वर

५ सीप तथा अनुभव खुल्ने विवरण (भएमा)

उक्त विवरणको आधारमा नगरपालिकाबाट सञ्चालन हुने कार्यक्रम तथा सेवा-सुविधामा प्राथमिकताका साथ समावेश गराइने व्यहोरा समेत जानकारी गराइन्छ।

स्थानः नमोबुद्ध नगरपालिका कार्यालय / रोजगार सेवा केन्द्र

सम्पर्क: ०११-४०४०६८/९८४१४७८७४५

२०८२/०९/०८

अनिता अधिकारी

शाखा अधिकृत